नि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

राजविराज दैनिक

वर्ष ३६ अंक ११० २०८३ साल मंसिर ११ गते शुक्रबार (27 Nov 2026 Friday) मूल्य रु. ५/-

बालविवाह र बालश्रम विरुद्ध सजगता

कानुनी उमेर :
नेपालमा विवाह गर्ने कानुनी उमेर २० वर्ष हो ।

उमेर नपुगी विवाह :
शारीरिक र मानसिक स्वास्थ्यमा गम्भीर असर ।

बालश्रम निषेध :
१४ वर्ष मुनिका बालबालिकालाई काममा लगाउनु कानुनी अपराध हो ।

शिक्षाको निरन्तरता :
हरेक बालबालिकालाई विद्यालय पठाउनु अभिभावकको दायित्व हो ।

Log in : *rajbirajdainik.com.np*

यस अंक भित्र : २ पृष्ठमा : कृषि बालीको उत्पादन घट्ने.. ३ पृष्ठमा : तीस हजार मेगावाट विद्युत् ... ३ पृष्ठमा व्यापार वार्ताबाट कर विवाद...

सप्तरीमा १ हजार २६ मतदाता थपिए, ४ लाख ४७ हजार ४ सय २८ मतदाता कायम



दैनिक समाचारदाता
राजविराज, १० मंसिर ।

सप्तरीमा ९ महिनाको अवधिमा एकहजार भन्दा बढीको संख्यामा मतदाता थपिएको छ । गत बर्षको प्रतिनिधिसभा निर्वाचनका लागि कायम रहेको मतदातामा एक हजार २६ जना थपिएको हो ।

पछिल्लो पटक फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा जिल्लामा ४ लाख ४६ हजार ४ सय २ मतदाता कायम रहेको थियो । जस मध्ये पुरुष २ लाख ३३ हजार ९६, महिला २ लाख १३ हजार २ सय ८३ र अन्य २३ जना मतदाता रहेका थिए । यो ९ महिनाको अवधीमा १ हजार २६ मतदाता थपिएर अहिले ४ लाख ४७ हजार ४ सय २८ मतदाता पुगेको छ ।

जिल्ला निर्वाचन कार्यालय सप्तरीका अनुसार पुरुष २ लाख ३४ हजार १६, महिला २ लाख १३ हजार ३ सय ९० तथा अन्य २२ गरि कुल ४ लाख ४७ हजार ४ सय २८ मतदाता कायम रहेका छन् ।

यसरी गत निर्वाचनको समयमा रहेका मतदाताको संख्यामा ९ महिनाको अवधीमा पुरुष मतदाता ९ सय २० र महिला मतदाता १ सय ७ थपिएको छ भने विगतको तुलनामा अन्य मतदाता भने एक जना घटेको छ ।

यसरी नै जिल्ला निर्वाचन कार्यालय सप्तरीले १८ वटै स्थानीय तहको मतदाता विवरण आफ्नो वेबसाइटमार्फत पनि सार्वजनिक गरेको छ ।

जिल्लाका ९ नगरपालिका र ९ गाउँपालिकामा रहेका मतदाताको संख्या पालिकागत रूपमा छुट्टाछुट्टै उल्लेख गरिएको छ । पालिकागत विवरणअनुसार राजविराज नगरपालिकामा सबैभन्दा बढी ४५ हजार ४६ मतदाता कायम रहेको छ ।

त्यस्तै कञ्चनरूप नगरपालिकामा ३७ हजार ८ सय ६४, सुरुङ्गा नगरपालिकामा ३२ हजार २ सय ३९, हनुमाननगर कंकालिनी नगरपालिकामा ३० हजार ५ सय ३१, डाक्नेश्वरी नगरपालिकामा ३० हजार ३ सय ९६, बोदेबरसाइन नगरपालिकामा ३० हजार ३ सय ७, शम्भुनाथ नगरपालिकामा २५ हजार ५२, सप्तकोशी नगरपालिकामा १५ हजार ८ सय ८८ र खडक नगरपालिकामा ३३ हजार ८४ मतदाता रहेका छन् ।

त्यस्तै अग्निसाइर कृष्णासवरण गाउँपालिकामा २० हजार १२, रुपनी गाउँपालिकामा १९ हजार ७ सय १, छिन्नमस्ता गाउँपालिकामा १९ हजार ८ सय ९६, तिलाठी कोइलाडी गाउँपालिकामा २१ हजार ६ सय ३८, महादेवा गाउँपालिकामा १८ हजार ७ सय ९१, विष्णुपुर गाउँपालिकामा १६ हजार ६ सय ९१, बलानबिहुल गाउँपालिकामा १५ हजार ४ सय ७८, तिरहुत गाउँपालिकामा १५ हजार २ सय ८६ र राजगढ गाउँपालिकामा १९ हजार ५ सय ८४ मतदाता रहेको विवरणमा उल्लेख छ ।

विवरणमा अघिल्लो तथ्यांकसँगको तुलनात्मक अवस्था तथा मतदाता संख्यामा भएको वृद्धि र परिवर्तनसम्बन्धी तथ्यांकसमेत समावेश गरिएको छ ।

जिल्लाका सबै १८ स्थानीय तहको मतदाता विवरण सार्वजनिक भएसँगै पालिकागत रूपमा मतदाताको अवस्था र संख्यात्मक अन्तरसमेत स्पष्ट भएको छ ।

आव २०८२/८३ मा विद्युत् चुहावटमा कमी

काठमाडौं, १० मंसिर (रासस) ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले आव २०८२/८३ मा विद्युत् चुहावट १२ दशमलव १६ मा झरेको छ ।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठको निजी सचिवालयका अनुसार आव २०८२/८३ मा विद्युत् चुहावट १२ दशमलव १६ प्रतिशतमा सीमित रहेको जनाएको छ । आव २०८१/८२ मा भने विद्युत् चुहावट १२ दशमलव २६ प्रतिशत रहेको थियो ।

सरकारले आव २०८२/८३ मा विद्युत् चुहावटलाई १२ दशमलव २० प्रतिशतमा झार्ने लक्ष्य लिएको थियो । लक्ष्य पूरा गर्न ऊर्जामन्त्री विराजभक्त श्रेष्ठले नीतिगत र संरचनागत सुधारका लागि पहल गरेको मन्त्रीको निजी सचिवालयले जनाएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आव २०८२/८३ मा विद्युत् चुहावट १२ दशमलव २० प्रतिशतमा झार्ने लक्ष्य राखे पनि सो अवधिमा भने १२ दशमलव १६ प्रतिशतमा झर्न सफल भएको हो ।

प्राधिकरणका अनुसार चोरी, मर्मतसम्भारको कमजोरी, लोड म्यानमेन्टका कुराले विद्युत् चुहावट हुनेगर्छ । हाल प्राविधिक समस्या आउँदा तत्कालै रेस्पोन्स गरेकाले पनि चुहावट नियन्त्रण हुँदै गएको हो । विद्युत् नेटवर्क स्तरोन्नति, समयमा मर्मतसम्भार र प्राविधिक पक्षको सुधारलाई आक्रामक रुपमा अगाडि बढाइ चुहावट नियन्त्रणलाई तीव्रता दिइएको ऊर्जा मन्त्रालयले जनाएको छ । अन्तरराष्ट्रिय बजारको तथ्याङ्क हेर्दा दक्षिण एसियामा औसतमा १३ दशमलव आठ प्रतिशत चुहावट रहेको छ ।

मधेस प्रदेश प्रमुखलाई कोशी प्रदेश प्रमुखको कार्यभार

दैनिक समाचारदाता
राजविराज, १० मंसिर ।

मधेस प्रदेश प्रमुखलाई कोशी प्रदेश प्रमुखको समेत कार्यभार तोकिएको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले कोशी प्रदेश प्रमुखको पद रिक्त रहेकाले नयाँ प्रदेश प्रमुख नियुक्ति नभएसम्मका लागि कोशी प्रदेश प्रमुखको कार्यभारसमेत मधेस प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णलाई तोकिएको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा १६५ को उपधारा (२) बमोजिम उनले यो जिम्मेवारी तोकेका हुन् । राष्ट्रपतिको कार्यालयका प्रवक्ता श्याम प्रसाद भण्डारीद्वारा बिहीबार जारी विज्ञप्तिमा कार्यभार तोकिएको उल्लेख छ ।

आन्तरिक पर्यटन प्रवर्द्धन गरौं

- हिमशृङ्खला, तालतलैया, निकुञ्ज तथा आरक्ष, धार्मिक एवं साँस्कृतिक स्थलहरुको भ्रमण गरौं,
- होमस्टे, रैथाने खाना र स्थानीय संस्कृतिको प्रवर्द्धन गरौं,
- पर्यटकको सेवा, सुरक्षा र सद्भावमा ध्यान दिऔं,
- आन्तरिक पर्यटन मार्फत रोजगारी सिर्जना गरौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

रुख विरुवा रोप्ने तर्फ ध्यान पुऱ्याऔं

अहिले विगतको तुलनामा तापमानमा वृद्धि हुँदै गएको छ । नेपालको सन्दर्भमा वन फँडानी र चुरे दोहनका कारण पनि खासगरी तराई मधेशका शहरी क्षेत्रहरुमा यसको प्रभाव बढी देखिएको छ भने ग्रामीण क्षेत्रहरुमा पनि नकारात्मक प्रभाव बढेको छ । प्रकृति नै असन्तुलित हुँदै गएको छ । हुनत बढ्दो जलवायु परिवर्तनले विश्व नै प्रभावित भइरहेको छ । जलवायु परिवर्तनका कारण अहिले सबै प्राकृतिक संरचना तहसनहस भइरहेको छ । प्राकृतिक संरचना अनुसारको कुनै कार्य भइरहेको छैन् । सबै त्यसको विपरीत भइरहेको छ । बेमौसमी परिवर्तनका कारण सबैतिरको जनजिवन प्रभावित बन्दै गएको छ ।

वायुमण्डलमा तातो हावाका कारण घाम निकै चर्को हुने तथा वर्षा न्यून हुँदै गएको छ जसले गर्दा उत्पादनमा ह्रास आइरहेको छ । बढ्दो कलकारखानाका प्रदुषण, यातायातका प्रदुषण, वनजंगल फँडानी र प्राकृतिक सम्पदाको विनाशका कारण नै ग्लोबल वार्मिङ्ग बढिरहेको छ । अहिलेको यस्तो अवस्था आउनुको मुख्य दोषि हामी मानिस स्वयम छौं । वन जंगल फडानी हुनु तर त्यसको स्थानमा नयाँ बिरुवा नरोप्नु नै हो ।

तसर्थ जलवायु परिवर्तनलाई सन्तुलनमा ल्याउन रुख विरुवा रोप्ने तर्फ ध्यान पुऱ्याउनु अतिआवश्यक छ । प्रत्येक एक व्यक्ति एक बिरुवा रोप्ने बानी बसालौं । जसले गर्दा थोरै भएपनि वातावरण सन्तुलित हुन्छ ।

सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

कंकालिनी मन्दिर : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

शम्भुनाथ मन्दिर : यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

हनुमान मन्दिर : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

कोशी टप्पु : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

धारापानी क्षेत्र : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

लोहजारा दह : तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

जनहीतका लागि : राजविराज दैनिक

कृषि बालीको उत्पादन घट्यो, औद्योगिक क्षमता उपयोग ४८ प्रतिशतमा सीमित

काठमाडौँ, १० मंसिर (रासस) ।

गत आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर तीन दशमलव ८५ प्रतिशतमा सीमित भएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको 'आर्थिक गतिविधि अध्ययन वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०८२/८३)' अनुसार अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा चार दशमलव ४३ प्रतिशत आर्थिक वृद्धि भएकामा गत आर्थिक वर्षमा वृद्धिदर घटेको हो ।

नेपाल राष्ट्र बैंकको उक्त वार्षिक प्रतिवेदनले गत आर्थिक वर्षमा नेपालको समग्र आर्थिक वृद्धिदर अघिल्लो वर्षको तुलनामा घटेको, औद्योगिक क्षेत्रको क्षमता उपयोग कमजोर रहेको तथा आयात र निर्यात दुवैमा वृद्धि भएको देखाएको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्कअनुसार गत आर्थिक वर्षमा उपभोक्ताको मूल्यमा नेपालको आर्थिक वृद्धिदर तीन दशमलव ८५ प्रतिशत र प्रचलित मूल्यमा तीन दशमलव ८६ प्रतिशत रहने अनुमान गरिएको केन्द्रीय बैंकको अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

गत आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमश: २४ दशमलव ५ प्रतिशत, १३ दशमलव ७ प्रतिशत र ६१ दशमलव ८ प्रतिशत रहेको छ । कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान बागमती प्रदेशको ३६ दशमलव ७१ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशको चार दशमलव दुई प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ ।

राष्ट्र बैंकको प्रतिवेदनअनुसार गत आर्थिक वर्षमा प्रमुख कृषि बालीको उत्पादन शून्य दशमलव ८४ प्रतिशतले घटेको छ । त्यस्ता बालीले ढाकेको क्षेत्रफलसमेत एक दशमलव ५६ प्रतिशतले घटेको छ । तरकारी उत्पादनमा एक दशमलव ६७ प्रतिशत र फलफूल उत्पादनमा शून्य दशमलव २१ प्रतिशतले वृद्धि भएको छ भने मसला उत्पादन एक दशमलव ३४ प्रतिशतले घटेको छ ।

पशुजन्य उत्पादनतर्फ दूध उत्पादन तीन दशमलव ६४ प्रतिशतले बढेको छ । तर मासु उत्पादन शून्य दशमलव ०९ प्रतिशत र अण्डा उत्पादन पाँच दशमलव ७७ प्रतिशतले घटेको छ ।

वनजन्य उत्पादनतर्फ दाउरा उत्पादनमा १९ दशमलव ७४ प्रतिशत र औषधिजन्य वस्तुको उत्पादनमा ६५ दशमलव ३६ प्रतिशतले वृद्धि भएको छ भने काठ उत्पादन एक दशमलव ४० प्रतिशतले घटेको छ ।

औद्योगिक क्षमता उपयोग घट्यो

प्रतिवेदनअनुसार गत आर्थिक वर्षमा वर्षमा अध्ययनमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ४८ दशमलव १३ प्रतिशतमा सीमित भएको छ । आर्थिक वर्ष २०८१/८२ मा यस्तो क्षमता उपयोग ५१ दशमलव ४३ प्रतिशत रहेको थियो ।

यसैगरी, २०८३ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाह भएको कर्जाको हिस्सा ३१ दशमलव ०२ प्रतिशत रहेको छ । प्रतिवेदनअनुसार उद्योगको क्षमता उपयोगमा आएको गिरावटले औद्योगिक उत्पादनका लागि उपलब्ध क्षमताको तुलनामा वास्तविक उत्पादन कम रहेको देखाएको छ ।

पर्यटक आगमन र यातायात दर्तामा वृद्धि

सेवा क्षेत्रअन्तर्गत सन् २०२५ मा नेपाल भ्रमण गर्ने पर्यटकको सङ्ख्या शून्य दशमलव ९५ प्रतिशतले बढेर ११ लाख ५८ हजार ४५९ पुगेको छ ।

गत आर्थिक वर्षमा घर तथा भवनको नक्सापास सङ्ख्या दुई दशमलव ९८ प्रतिशतले र घरजग्गा रजिष्ट्रेशनबाट प्राप्त राजस्व शून्य दशमलव ०४ प्रतिशतले घटेको छ । यद्यपि यातायातका साधन दर्ताको सङ्ख्यामा १६ दशमलव १५ प्रतिशतले वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ ।

गत आर्थिक वर्षमा बैंक तथा वित्तीय संस्थाको निक्षेप र कर्जा प्रवाहमा भने वृद्धि भएको छ । २०८२ असार मसान्तको तुलनामा २०८३ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाको निक्षेप १२ दशमलव ७२ प्रतिशतले र कर्जा प्रवाह छ दशमलव ५५ प्रतिशतले बढेको छ । समीक्षा अवधिको अन्त्यमा औसत कर्जा-निक्षेप अनुपात ७२ दशमलव ३७ प्रतिशत रहेको छ ।

बैंक तथा वित्तीय संस्थाको निक्षेप र कर्जा प्रवाहमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी रहेको छ । कुल निक्षेपमा बागमती प्रदेशको हिस्सा ६४ दशमलव ०५ प्रतिशत र कुल कर्जामा ६० दशमलव ९१ प्रतिशत रहेको प्रतिवेदनले देखाएको छ ।

गत आर्थिक वर्ष २०८२/८३ मा मुलुकमा २० हजार ६५७ किलोमिटर कालोपत्रे सडक, नौ हजार ३१६ किलोमिटर ग्राभेल सडक, नौ हजार ७०१ किलोमिटर कच्ची तथा नयाँ सडक र १५९ किलोमिटर रिजिड पेभमेन्ट निर्माण भएको छ ।

निर्यातभन्दा आयातको वृद्धि उच्च

गत आर्थिक वर्षमा नेपालको वैदेशिक व्यापारमा निर्यात र आयात दुवै बढेका छन् । कुल वस्तु निर्यात १३ दशमलव ८१ प्रतिशतले वृद्धि भई रु तीन खर्ब १५ अर्ब २९ करोड पुगेको छ । त्यस्तै, कुल वस्तु आयात १६ दशमलव २० प्रतिशतले बढेर रु २० खर्ब ९६ अर्ब ३८ करोड पुगेको छ । निर्यातको तुलनामा आयातको वृद्धिदर उच्च रहेको प्रतिवेदनले देखाएको छ ।

वैदेशिक रोजगारीमा जाने नेपालीको सङ्ख्या (पुन: श्रम स्वीकृतिसहित) गत आर्थिक वर्षमा सात लाख ९२ हजार १८७ रहेको छ । प्रदेशगत रूपमा वैदेशिक रोजगारीमा जानेमध्ये मधेस प्रदेशको हिस्सा सबैभन्दा बढी २२ दशमलव ६० प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम तीन दशमलव ८५ प्रतिशत रहेको छ ।

सङ्घीय बजेट खर्च संशोधित अनुमानमा ९३ दशमलव ७१ प्रतिशत

गत आर्थिक वर्ष २०८२/८३ मा संघीय सरकारले कुल रु १९ खर्ब ६४ अर्ब ११ करोड बजेट विनियोजन गरेको थियो । बजेटको अर्धवार्षिक समीक्षामार्फत संशोधन गरी कुल बजेट रु १६ खर्ब ८८ अर्ब ३३ करोड कायम गरिएको थियो ।

संशोधित बजेटमध्ये आर्थिक वर्षको अन्त्यसम्ममा रु १५ खर्ब ८२ अर्ब १७ करोड खर्च भएको छ । यो संशोधित बजेटको ९३ दशमलव ७१ प्रतिशत हो ।

त्यस्तै, गत आर्थिक वर्षमा सातवटै प्रदेशको कुल विनियोजित बजेट रु दुई खर्ब ८७ अर्ब ७१ करोड रहेको थियो । उक्त बजेटमध्ये चालु खर्चतर्फ रु ८६ अर्ब चार करोड अर्थात् ३० दशमलव ०३ प्रतिशत, पुँजीगत खर्चतर्फ रु एक खर्ब ७१ अर्ब १७ करोड अर्थात् ५९ दशमलव ४९ प्रतिशत विनियोजन गरिएको थियो । यसैगरी, वित्तीय व्यवस्थातर्फ रु ९८ करोड अर्थात् शून्य दशमलव ३४ प्रतिशत र वित्तीय हस्तान्तरणतर्फ रु २९ अर्ब १६ करोड अर्थात् १० दशमलव १४ प्रतिशत बजेट विनियोजन गरिएको प्रतिवेदनमा उल्लेख छ ।

संरक्षणविहीन बालबालिकाको वर्गीकरण र तथ्याङ्क सङ्कलन हुँदै

काठमाडौँ, १० मंसिर (रासस) ।

बाबुआमाको संरक्षणमा नरहेका तथा वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको वास्तविक अवस्था पहिचान गरी उनीहरूको संरक्षण र सुरक्षालाई प्रभावकारी बनाउन तथ्याङ्क सङ्कलन हुने भएको छ ।

बाल स्याहार केन्द्रमा रहेका बालबालिकाको तथ्याङ्क उपलब्ध भए पनि त्यस्ता केन्द्रभन्दा बाहिर रहेका हजारौँ बालबालिकाको अवस्था र उनीहरूले प्राप्त गरिरहेको हेरचाहबारे राज्यलाई पर्याप्त जानकारीको अभाव रहेको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालय र संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ)ले बुधबार आयोजना गरेको बालबालिका र वैकल्पिक हेरचाहसम्बन्धी क्रियाकलापको अन्तरराष्ट्रिय वर्गीकरण विषयक अन्तरक्रियामा अन्तरराष्ट्रिय मान्यता अनुसार वर्गीकरण र तथ्याङ्क सङ्कलन गरिने जानकारी दिइएको हो ।

कार्यक्रममा महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक तथा सामाजिक सुरक्षामन्त्री सीता वादीले हरेक बालबालिकाले जहाँ रहे पनि बालमैत्री वातावरणमा हुर्कन पाउनुपर्ने बताउनुभयो । "सुरक्षित र पारिवारिक वातावरणमा हुर्कन पाउनु बालबालिकाको नैसर्गिक अधिकार हो । यसको संरक्षण गर्नु केवल मानवीय संवेदना मात्र होइन", मन्त्री वादीले भन्नुभयो, "यो न्यायपूर्ण, समानतामूलक र समृद्ध समाज निर्माणको अनिवार्य आधारशिला हो ।"

राष्ट्रिय योजना आयोगका सदस्य डा रेशु अर्याल ढुङ्गानाले बाबुआमाको संरक्षणमा नरहेका बालबालिकाको तथ्याङ्क सङ्कलन केन्द्रमा मात्र सीमित नराखी प्रत्येक स्थानीय तहसम्म पुऱ्याउनुपर्ने बताउनुभयो । नेपालले बालबालिकासम्बन्धी विभिन्न अन्तरराष्ट्रिय अभिसन्धिमा हस्ताक्षर गरिसकेकाले तिनै अभिसन्धिका आधारमा बालबालिकाको तथ्याङ्क सङ्कलन र वर्गीकरण गर्नुपर्ने उहाँको भनाइ थियो ।

हामीले बालबालिकाको तथ्याङ्कमा मात्र होइन, उनीहरूको सुरक्षामा समेत ध्यान दिनुपर्ने हुन्छ । उहाँले भन्नुभयो, "वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको विस्तृत तथ्याङ्क सङ्कलन र वर्गीकरण महत्वपूर्ण छ ।"

प्रमुख तथ्याङ्क अधिकारी लक्ष्मी बस्नेतले वैकल्पिक हेरचाहको तुलनायोग्य तथ्याङ्कीय प्रणाली विकास भएपछि कुन क्षेत्रका बालबालिकालाई थप हेरचाह र संरक्षण आवश्यक छ भन्ने पहिचान गर्न सहज हुने बताउनुभयो ।

राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्देशक पृथ्वीविजय सिजापतीले वैकल्पिक हेरचाह र यसका अन्तरराष्ट्रिय अभ्यासबारे कार्यपत्र प्रस्तुत गर्दै वैकल्पिक हेरचाहको अन्तरराष्ट्रिय वर्गीकरणमा नौ वटा श्रेणी रहेको जानकारी दिनुभयो । नेपालमा हालसम्म उक्त वर्गीकरणअनुसार तथ्याङ्क उपलब्ध नहुँदा वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको वास्तविक अवस्था पहिचान गर्न कठिन भएको उहाँले बताउनुभयो ।

कार्यालयका उपप्रमुख तथ्याङ्क अधिकारी ढुण्डिराज लामिछानेले वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको तथ्याङ्क सङ्कलनलाई तथ्याङ्क प्रणालीमा महत्वपूर्ण उपलब्धिका रूपमा लिनुपर्ने बताउनुभयो ।

राष्ट्रिय जनगणनाले करिब साढे तीन लाख बालबालिका वैकल्पिक हेरचाहमा रहेको देखाए पनि उनीहरूको वास्तविक अवस्था स्पष्ट नभएकाले तथ्याङ्कलाई नयाँ ढङ्गले वर्गीकरण र कोडिङ गर्न लागिएको उहाँले जानकारी दिनुभयो ।

युनिसेफ नेपालकी उपप्रतिनिधि जी ह्यु रहले प्रत्येक बालबालिकालाई तथ्याङ्कीय प्रणालीमा समेट्दै

बाँकी तीन पृष्ठमा

तीस हजार मेगावाट विद्युत् उत्पादन लक्ष्यअनुसार नयाँ ऊर्जा मिश्रण नीति बनाइँदै

काठमाडौँ, १० मंसिर (रासस)।

सरकारले आगामी १० वर्षभित्र ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यअनुसार नयाँ ऊर्जा मिश्रणको ढाँचा तयार गर्ने प्रक्रिया अघि बढाएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जलविद्युत्, सौर्य, वायु तथा अन्य वैकल्पिक ऊर्जा स्रोतबाट उत्पादन हुने विद्युत्को अनुपात निर्धारण गर्ने गरी नयाँ ढाँचा बनाउन थालेको हो।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री बिराभक्त श्रेष्ठको निजी सचिवालयका अनुसार नयाँ ऊर्जा मिश्रणको ढाँचा तयार भएपछि लामो समयदेखि प्रभावित विद्युत् खरिद सम्झौता (पिपीए) प्रक्रिया पुनः सञ्चालन गर्न सहज हुने छ। नयाँ ढाँचाले आगामी दशकमा कुन प्रकृतिका ऊर्जा आयोजना कति आवश्यक पर्छन् भन्ने आधार तय गर्नेछ।

ऊर्जा मन्त्रालयले तयार गरिरहेको ढाँचामा नदी प्रवाही, अर्धजलाशययुक्त, जलाशययुक्त, पम्प स्टोरेज, सौर्य, वायु तथा अन्य वैकल्पिक ऊर्जा स्रोतबाट उत्पादन हुने विद्युत्को हिस्सा निर्धारण गरिनेछ। यसबाट मुलुकको दीर्घकालीन ऊर्जा आवश्यकता र उत्पादन संरचनाको खाका तयार हुनेछ।

हाल नेपालको कुल जडित विद्युत् उत्पादन क्षमता चार हजार २०० मेगावाट छ। उत्पादनको ठूलो हिस्सा नदी प्रवाही जलविद्युत् आयोजनाबाट प्राप्त भइरहेको छ। यस्ता आयोजनाबाट वर्षायाममा बढी र हिउँदमा कम विद्युत् उत्पादन हुने भएकाले मौसमी असन्तुलन कम गर्न ऊर्जा स्रोतको विविधीकरण आवश्यक देखिएको छ।

यसअघि १५ हजार मेगावाट विद्युत् उत्पादनको लक्ष्यलाई आधार बनाएर ऊर्जा मिश्रण निर्धारण गरिएको थियो। सरकारले अहिले ३० हजार मेगावाट उत्पादनको लक्ष्य अघि सारेपछि पुरानो अनुपातले दीर्घकालीन आवश्यकता पूरा गर्न नसक्ने निष्कर्षसहित नयाँ ढाँचा बनाउन लागिएको हो।

सन् २०१६ मा जारी राष्ट्रिय ऊर्जा सङ्कट निवारण नीति तथा विद्युत् विकास दशक (सन् २०१६-२०२६) ले पहिलोपटक विभिन्न स्रोतबाट विद्युत् उत्पादनको अनुपात निर्धारण गरेको थियो। उक्त नीतिमा जलाशययुक्त तथा पम्प स्टोरेज आयोजनाको हिस्सा ४० देखि ५० प्रतिशत र अर्धजलाशययुक्त आयोजनाको हिस्सा १५ देखि २० प्रतिशत कायम गर्ने लक्ष्य राखिएको थियो। पछि १५ हजार मेगावाट उत्पादन लक्ष्यअनुसार तयार गरिएको ऊर्जा मिश्रणको ढाँचामा जलाशययुक्त तथा पम्प स्टोरेज आयोजनाको हिस्सा ३० देखि ३५ प्रतिशत, नदी प्रवाही आयोजनाको २५ देखि ३० प्रतिशत, अर्धजलाशययुक्त आयोजनाको ३० देखि ३५ प्रतिशत र अन्य वैकल्पिक ऊर्जाको पाँचदेखि १० प्रतिशत निर्धारण गरिएको थियो। सौर्य ऊर्जाका लागि पनि करिब १० प्रतिशत हिस्सा प्रस्ताव गरिएको थियो।

विसं २०७९ असारमा मन्त्रिपरिषद्ले नदी प्रवाही आयोजनाको हिस्सा बढाएर ४० देखि ४५ प्रतिशत पुऱ्याएपछि विद्युत् खरिद सम्झौता प्रक्रिया पनि सोहीअनुसार अघि बढाइएको थियो। त्यसपछि नेपाल विद्युत् प्राधिकरणको सञ्चालक समितिले एक हजार ५०० मेगावाटसम्मका नदी प्रवाही आयोजनाको विद्युत् खरिद सम्झौता स्वीकृत गरेको थियो।

गत आर्थिक वर्षको बजेटमार्फत नदी प्रवाही आयोजनामा 'टेक एन्ड पे' व्यवस्था लागू भएपछि विद्युत् खरिद सम्झौता प्रक्रिया थप प्रभावित भयो। त्यसयता नदी प्रवाहीसँगै अर्धजलाशययुक्त आयोजनाको विद्युत् खरिद सम्झौता पनि रोकिएको छ।

प्राधिकरणका अनुसार हालसम्म ४०४ नदी प्रवाही आयोजनासँग छ हजार ७१३ दशमलव ४४ मेगावाट, ५१ अर्धजलाशययुक्त आयोजनासँग चार हजार १८६ दशमलव ८१ मेगावाट र एउटा जलाशययुक्त आयोजनासँग १४० मेगावाट विद्युत् खरिद सम्झौता भइसकेको छ तर थप २८१ आयोजनासहित कुल १६ हजार ४२५ दशमलव ७७ मेगावाट क्षमताका आयोजना विद्युत् खरिद सम्झौताको प्रतीक्षामा छन्।

विद्युत् खरिद सम्झौता नहुँदा आयोजना विकासका लागि आवश्यक वित्तीय व्यवस्थापन प्रभावित हुँदै आएको छ। बैंक तथा वित्तीय संस्थाले विद्युत् बिक्रीको सुनिश्चितता खोज्ने भएकाले विद्युत् खरिद सम्झौतालाई आयोजना निर्माणका लागि लगानी जुटाउने प्रमुख आधार मानिन्छ। त्यसैले नयाँ ऊर्जा मिश्रणले विद्युत् खरिद सम्झौताको प्रक्रिया अघि बढाउन सहज बनाउनुका साथै निजी क्षेत्रको लगानी, आयोजना निर्माण र रोजगारी सिर्जनामा पनि सहयोग पुग्ने अपेक्षा गरिएको छ।

नयाँ ऊर्जा मिश्रणमा वैकल्पिक ऊर्जा स्रोतलाई समेत स्थान दिने तयारी गरिएको छ। यसअघि नेपालको विद्युत् उत्पादन योजना मुख्यतः जलविद्युत्मा केन्द्रित रहँदै आएको थियो। पछिल्लो समय सौर्य ऊर्जाको हिस्सा विस्तार हुँदै गए पनि वायु ऊर्जाबाट हुने उत्पादन भने नगण्य छ। जलविद्युत्मा अत्यधिक निर्भर रहँदा हिउँदमा उत्पादन घट्ने र माग व्यवस्थापनका लागि भारतबाट विद्युत् आयात गर्नुपर्ने अवस्था छ।

यस्तो निर्भरता घटाउन सौर्य, वायु तथा अन्य वैकल्पिक ऊर्जा स्रोतलाई राष्ट्रिय ऊर्जा प्रणालीमा समेट्ने तयारी गरिएको हो। ती स्रोतको सम्भावना र उत्पादन क्षमताबारे मन्त्रालयले अध्ययन गरिरहेको छ।

सन्तुलित ऊर्जा मिश्रणले वर्षायाम र हिउँद दुवैमा विद्युत् आपूर्ति व्यवस्थापन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। विशेषगरी जलाशययुक्त र पम्प स्टोरेज आयोजनाले ऊर्जा सञ्चय गरी मागअनुसार आपूर्ति व्यवस्थापन गर्न सक्छन्। त्यस्तै, सौर्य र वायु ऊर्जाको विकासले उत्पादनका स्रोत र समयगत विविधता बढाउन सहयोग पुऱ्याउनेछ।

नयाँ ऊर्जा मिश्रणको ढाँचा तयार भएपछि नेपाल विद्युत् प्राधिकरणले आयोजनाको प्रकृति र आवश्यकताका आधारमा विद्युत् खरिद सम्झौता प्रक्रिया अघि बढाउन सक्नेछ। यसबाट लगानीको प्रतीक्षामा रहेका हजारौँ मेगावाट क्षमताका आयोजना विकासको चरणमा प्रवेश गर्ने अपेक्षा गरिएको छ।

तीस हजार मेगावाट उत्पादनको लक्ष्य हासिल गर्न उत्पादन क्षमता विस्तार मात्रै पर्याप्त हुने छैन। आन्तरिक विद्युत् खपत बढाउने, प्रसारण पूर्वाधार विस्तार गर्ने र अन्तरदेशीय विद्युत् व्यापारलाई पनि सँगसँगै अघि बढाउनुपर्ने छ। मौसमी मागअनुसार विद्युत् उपलब्धता सुनिश्चित गर्नुका साथै निर्यात बजार विस्तार गर्नु पनि चुनौतीका रूपमा रहेको छ।

नेपालले भारतसँगै बङ्गलादेशमा समेत विद्युत् निर्यातको सम्भावना विस्तार गरिरहेका बेला सन्तुलित ऊर्जा मिश्रणले निर्यातयोग्य विद्युत् उत्पादन बढाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। यसबाट विद्युत् व्यापारमार्फत विदेशी मुद्रा आर्जन गर्ने अवसरसमेत विस्तार हुन सक्नेछ।

संरक्षणविहीन...

उनीहरूको अवस्था पहिचान गर्ने राष्ट्रिय तथ्याङ्क प्रणाली निर्माणमा नेतृत्ववदायी भूमिका निर्वाह गरेकोमा राष्ट्रिय तथ्याङ्क कार्यालयलाई धन्यवाद दिनुभयो।

उहाँले वैकल्पिक हेरचाहसम्बन्धी अन्तरराष्ट्रिय वर्गीकरण प्रणालीलाई चरणबद्ध रूपमा राष्ट्रिय तथ्याङ्क तथा प्रशासनिक सूचना प्रणालीमा समावेश गर्ने प्रक्रिया महत्वपूर्ण राष्ट्रिय यात्राको सुरुआत भएको बताउनुभयो।

गत मार्चमा संयुक्त राष्ट्रसङ्घीय तथ्याङ्क आयोगले बालबालिकाको वैकल्पिक हेरचाहसम्बन्धी अन्तरराष्ट्रिय वर्गीकरण (आइकेयर)लाई अन्तरराष्ट्रिय तथ्याङ्कीय मापदण्डका रूपमा अनुमोदन गरेको थियो। यससँगै नेपालसहित विश्वका विभिन्न मुलुकले अभिभावकीय हेरचाहबाहिर रहेका वा वैकल्पिक हेरचाहमा रहेका बालबालिकासम्बन्धी अवधारणा, परिभाषा र वर्गीकरणको साझा अन्तरराष्ट्रिय आधार प्राप्त गरेका छन्।

बालबालिकाको हेरचाह तथा संरक्षणको मुख्य जिम्मेवारी महिला मन्त्रालयको भए पनि त्यससम्बन्धी तथ्याङ्क अद्यावधिक गर्ने काम राष्ट्रिय तथ्याङ्क कार्यालयले गरिरहेको उहाँले स्पष्ट पार्नुभयो।

'निजी क्षेत्रसँग सहकार्य गर्न सरकार प्रतिबद्ध छ'

काठमाडौँ, १० मंसिर (रासस)।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीपककुमार साहले वर्तमान सरकार पारदर्शीता, नीतिगत स्थिरता र आपसी विश्वासमा आधारित लगानीमैत्री वातावरण बनाउनका लागि निजी क्षेत्रसँग सहकार्य गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ।

नेपाल-ब्रिटेन चेम्बर अफ कमर्स एण्ड इन्डष्ट्रीद्वारा बिहीबार यहाँ आयोजित 'नेपाल-युके बिजनेस फोरममा उहाँले नेपालमा संयुक्त लगानी, प्राविधिक साझेदारी, उत्पादनमूलक क्षेत्रमा अवसर र नेपालका उदीयमान क्षेत्रमा लगानीका सम्भावना खोज्न बेलायती कम्पनीलाई आग्रह गर्नुभयो।

मन्त्री साहले विभिन्न पेसा, व्यवसायका सिलसिलामा बेलायमा रहनुभएका नेपाली डायस्पोरालाई पनि मातृभूमिमा लगानी, व्यावसायिक विज्ञता, नवीनता र ज्ञान हस्तान्तरणका माध्यमबाट नेपाली र बेलायती अर्थतन्त्रबीच सेतुको काम गर्न आग्रह आह्वान गर्नुभयो।

नेपाल र बेलायतबीच दुई शताब्दीभन्दा लामो मित्रता, आपसी सम्मान, विश्वास र सहकार्यको इतिहास रहेको उल्लेख गर्दै मन्त्री साहले यो सम्बन्ध केबल कूटनीतिक संलग्नतामा मात्र सीमित नभई जनस्तर र भावनात्मक निकटतामा पनि आधारित रहेको बताउनुभयो।

"यो ऐतिहासिक सम्बन्धलाई अझ बलियो आर्थिक साझेदारीमा रूपान्तरण गर्ने अवसर छ, जसले उन्नत प्रविधि, जिम्मेवार लगानी र दिगो व्यापारलाई प्रवर्द्धन गर्न सकोस्", उहाँले भन्नुभयो।

नेपाल र बेलायतबीच नवीकरणीय ऊर्जा, जलविद्युत्, सूचना प्रविधि, हरित प्रविधि, उत्पादन तथा औद्योगिक विकास, दिगो पूर्वाधार र सेवा क्षेत्रका उदीयमान आयाममा सहकार्य गर्ने प्रचुर सम्भावना रहेको उहाँले औंल्याउनुभयो।

अवसरले मात्र लगानीकर्तालाई आकर्षित गर्न नसक्ने भन्दै उहाँले लगानीकर्तालाई आवश्यकपर्ने आत्मविश्वास, नीतिगत स्थिरता र पारदर्शीताका क्षेत्रमा वर्तमान सरकारले काम गरिरहेको जानकारी गराउनुभयो।

"व्यावसायिक समुदायले उठाउँदै आएका दोहोरो कर प्रणाली, कर नीतिमा पूर्वानुमानयोग्यता, नाफा फिर्ता लैजाने प्रक्रिया, बौद्धिक सम्पत्तिको सुरक्षा र निर्यात सहजीकरणका विषय विचारणीय रहेका छन्, यसलाई सरकारले स्वीकार गरेको छ", उहाँले भन्नुभयो।

नेपालका लागि बेलायतका राजदूत रब फेनले बेलायत र नेपाल २०४ देखिका साझेदार भएको उल्लेख गर्दै दुई देशबीचको सम्बन्ध निरन्तर विस्तार हुँदै गइरहेको बताउनुभयो।

नेपाल-ब्रिटेन चेम्बर अफ कमर्स एण्ड इन्डष्ट्रीका सभापति रोशन राठीले नेपाल र बेलायतबीच 'दोहोरो कर मुक्ति सम्झौता' गर्न सकिएमा द्विपक्षीय व्यापार र लगानीका लागि आधार तयार हुने बताउनुभयो।

विश्व समाचार

व्यापार वार्ताबाट कर विवाद समाधान गर्न अमेरिकासँग भारतको आग्रह

नयाँदिल्ली, १० मङ्सिर (रासस/एएफपी)।

संयुक्त राज्य अमेरिकाले भारतीय वस्तुहरूमा १७ प्रतिशतसम्म कर बढाउने प्रस्ताव गरेपछि भारतले व्यापारसम्बन्धी चिन्ताहरू वाशिङ्टनसँग भइरहेका वार्तामार्फत समाधान गर्नुपर्ने बताएको छ।

"भारत र संयुक्त राज्य अमेरिका द्विपक्षीय व्यापार सम्झौताका लागि वार्तामा संलग्न छन्," नयाँ दिल्लीको वाणिज्य मन्त्रालयले बुधबार साँझ भनेको छ। मन्त्रालयले सम्झौताको 'चाँडो निष्कर्ष' तर्फ काम गरिरहेको पनि उल्लेख गरेको छ।

"कुनै पनि व्यापारसम्बन्धी चिन्ताहरू यी वार्ताको ढाँचाभित्र समाधान गर्नुपर्छ भन्ने भारतको अडान रहँदै आएको छ," वक्तव्यमा थपिएको छ।

दुई देशले फेब्रुअरीमा अमेरिकी कर घटाउने उद्देश्यले अन्तरिम व्यापार सम्झौता गरेका थिए, तर, केही दिनपछि अमेरिकी सर्वोच्च अदालतले राष्ट्रपति डोनाल्ड ट्रम्पले अघि सारेका व्यापक करहरू रद्द गरेपछि सम्झौता कहिले लागू हुने भन्ने अनिश्चितता बढ्यो।

त्यसयता दुवै पक्ष वार्तामा संलग्न छन्। बुधबार वाशिङ्टनले कथित अतिरिक्त उत्पादनको महिनौँ लामो अनुसन्धानपछि भारतमा १७ प्रतिशतको दर प्रस्ताव गऱ्यो। "भारत यस अनुसन्धानभरि रचनात्मक रूपमा संलग्न रह्यो," नयाँ दिल्लीले भनेको छ।

"जवाफमा वाणिज्य विभागले भनेको छ "भारतसँग कुनै पनि क्षेत्रमा संरचनात्मक अतिरिक्त क्षमता छैना" नयाँ करहरू लागू हुनुअघि सार्वजनिक टिप्पणीको अवधिबाट गुज्रनुपर्नेछ।

भारतीय अर्थमन्त्री निर्मला सीतारमणले अक्टोबरमा भन्नुभएको थियो, "वार्ता 'एक स्थिर बिन्दुमा पुगेको छ,' जसभन्दा अगाडि दिने वा लिने कुरा धेरै नै गाह्रो हुन सक्छ।"

अमेरिकी विदेशमन्त्री मार्को रुबियो त्यसको केही समयपछि भारत भ्रमणमा आउनुभएको थियो। उहाँ बढी आशावादी हुँदै भन्नुभएको थियो, "दुवै पक्ष 'सम्झौता कार्यान्वयन नभएको अवस्थामा जति नजिक हुन सकिन्छ, त्यति नै नजिक छन्'।"

प्रस्तावित अमेरिकी नयाँ करप्रति प्रमुख अर्थतन्त्रद्वारा आपत्ति

वाशिङ्टन, १० मङ्सिर (रासस/एएफपी)।

वाशिङ्टनले कथित अतिरिक्त उत्पादनबारे महिनौँ लामो अनुसन्धान सकेपछि चीनदेखि युरोपेली सङ्घसम्मका प्रमुख अर्थतन्त्रहरूले प्रस्तावित नयाँ अमेरिकी करप्रति आपत्ति जनाएका छन्।

यसले अमेरिकाका सहयोगी र विरोधी दुवै राष्ट्रसँगको व्यापारिक तनाव नयाँ चरणमा पुग्न सक्ने सङ्केत दिएको छ।

सर्वोच्च अदालतले राष्ट्रपति डोनाल्ड ट्रम्पका अधिल्ला करहरू रद्द गरेको केही दिनपछि सुरु भएको अनुसन्धानपछि नयाँ शुल्क प्रस्ताव गरिएको हो र करको दायरा थप २० प्रतिशतसम्म बढ्न सक्छन्। यी शुल्कहरू जनवरीदेखि लागू हुन सक्ने गरी सार्वजनिक टिप्पणीको अवधिबाट गुज्रनुपर्नेछ। यी शुल्कहरूले संयुक्त राज्य अमेरिकाका केही ठूला व्यापारिक साझेदारहरूलाई लक्षित गरेका छन्।

चीन, युरोपेली सङ्घ, भारत, बङ्गलादेश, कम्बोडिया, इन्डोनेसिया, जापान, दक्षिण कोरिया, मलेसिया, सिङ्गापुर, स्विट्जरल्याण्ड, ताइवान, थाइल्याण्ड र भियतनाम यसमा परेका छन्। जापानजस्ता केही देशहरूले अतिरिक्त उत्पादन भएको अस्वीकार गरेका छन्।

"जापानसँग कुनै गैर-बजार नीति अभ्यास वा संरचनात्मक अतिरिक्त उत्पादन क्षमता छैन तर यसका बाबजुद जापानलाई लक्षित गरी प्रस्ताव गरिएको उपाय घोषणा गरिएकोमा खेद व्यक्त गर्दछौं," जापानका प्रमुख सरकारी प्रवक्ता मिनोरु किहाराले भन्नुभयो। नाम उल्लेख नगर्ने सर्तमा बोल्दै एक वरिष्ठ अमेरिकी अधिकारीले भन्नुभयो, "प्रस्तावहरूले विद्यमान व्यापार सम्झौताहरूलाई ध्यानमा राख्ने प्रयास गरेका छन्।चीन २० प्रतिशत ट्यारिफको सामना गर्नेमध्ये एक हो। तर अमेरिकी व्यापार प्रतिनिधि जेमिसन ग्रीयरले नयाँ शुल्कहरू बेइजिङसँग भइरहेका व्यापार वार्ताको सीमाभित्रै रहेको बताए।

"हामीबीच केही अवस्थामा करवृद्धि हुनेछ भन्ने चीनले बुझ्छ। यो त्यही समझदारीभित्र पर्छ," उहाँले अमेरिकी प्रसारक सीएनबीसीसँग भन्नुभयो। वाशिङ्टनले चीनलाई करिब ३० अर्ब डलरको वस्तुमा छुट दिइरहेको पनि उहाँले बताउनुभयो।

'वास्तविक चिन्ता' युरोपेली सङ्घले नयाँ करको आधार नै अस्वीकार गरेको छ र संयुक्त राज्य अमेरिकाले गत वर्ष भएको सम्झौता पालना गर्ने अपेक्षा गरेको छ।

"युरोपेली सङ्घ र अमेरिका दुवैलाई विश्वव्यापी अतिरिक्त क्षमताबारे वास्तविक चिन्ता छ, जसमध्ये धेरै राज्य-सञ्चालित र तेस्रो देशहरूमा केन्द्रित छ। संयुक्त कदम नचलेकोमा हामीलाई खेद छ," युरोपेली आयोगका प्रवक्ता ओलोफ गिलले भन्नुभयो।

चीनको विदेश मन्त्रालयले नयाँ शुल्कहरू आधिकारिक रूपमा घोषणा हुनुअघि नै प्रतिक्रिया दिँदै वाशिङ्टनलाई 'कर युद्ध र व्यापार युद्ध' मा नलाग्न चेतावनी दिएको थियो। सिङ्गापुरले बिहीबार यी प्रस्तावहरूप्रति 'धेरै निराश' रहेको बताउँदै आफूले घरेलु बजार संरक्षण वा उत्पादनमा अनुदान नदिएको भन्ने कुरालाई अस्वीकार गऱ्यो।

नयाँ प्रस्तावित कर नीति अनुसार भियतनामले पनि २० प्रतिशत करको सामना गर्नुपर्नेछ। कम्बोडिया र इन्डोनेसियालाई १८ प्रतिशत तथा भारतलाई १७ प्रतिशत तोकिएको अमेरिकी व्यापार प्रतिनिधिको कार्यालयले जनाएको छ।

युरोपेली सङ्घ, दक्षिण कोरिया र ताइवानसँग अमेरिकाको व्यापार सम्झौता भएकाले उनीहरूमाथिको नयाँ कर१५ प्रतिशतमा सीमित हुनेछ।

एक अर्को घोषणामा अमेरिकी व्यापार प्रतिनिधि कार्यालयले ब्राजिलबाट आउने वस्तुहरू, विशेष गरी विमानमा अतिरिक्त कर प्रस्ताव गरेको छ। वासिङ्टनले अमेरिकी व्यापार चिन्ताहरू सम्बोधन नगर्दा यो कदम चालेको बताइएको छ। ब्राजिलका राष्ट्रपतिको कार्यालयले यी उपायहरूलाई 'अस्वीकार्य' भन्दै ब्रासिलिया यस्ता चेतावनीसामु झुक्ने छैन भनेको छ। अमेरिकी ट्रम्प प्रशासनका करहरूले वाशिङ्टनका मित्र र विरोधी दुवैलाई लक्षित गरेका छन्।

महासंघद्वारा दोश्रो चरणको आन्दोलन घोषणा, राजनीतिक दलका कार्यालयमा धर्ना दिने

दैनिक समाचारदाता
राजविराज, १० मंसिर ।

सरकारले आन्दोलनलाई अझै नजरअन्दाज गरिरहेको भन्दै नेपाल पत्रकार महासंघले दोश्रो चरणको आन्दोलनका कार्यक्रमहरु घोषणा गरेको छ ।

महासंघका महासचिव रामप्रसाद दाहालद्वारा बिहीबार जारि विज्ञप्तिमा सकारलाई थप दबाब दिन र संघीय संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दललाई महासंघको मागमा सहमत गराउन राजनीतिक दलका कार्यालयमा धर्ना दिने लगायतका दोस्रो चरणको आन्दोलनका कार्यक्रम घोषणा गरिएको जनाइएको छ ।

आन्दोलनका कार्यक्रम अनुसार २०८३ मंसिर १३ गते 'संकटमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता: 'रास्वपाको सरकारले सुनेन, सत्ताधारी दलले सुनिदेउ' भन्ने नारासहित रास्वपाको कार्यालयमा १ घण्टा धर्ना, २०८३ मंसिर १४ गते 'संकटमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता: प्रमुख विपक्षी दल किन मौन ?' भन्ने नारासहित प्रमुख विपक्षी दल नेपाली कांग्रेसको कार्यालयमा १ घण्टा धर्ना, २०८३ मंसिर १५ गते नारासहित भन्ने नारासहित 'संकटमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता: विपक्षी दल किन मौन ?' भन्ने एमाले पार्टी कार्यालयमा १ घण्टा धर्ना दिने, २०८३ मंसिर १६ गते नारासहित भन्ने नारासहित 'संकटमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता: विपक्षी दल किन मौन ?' भन्ने नेकपा पार्टी कार्यालयमा १ घण्टा धर्ना, २०८३ मंसिर १७ गते 'संकटमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता: विपक्षी दल किन मौन ?' भन्ने नारासहित भन्ने नारासहित श्रम संस्कृति पार्टी कार्यालयमा १ घण्टा धर्ना, २०८३ मंसिर १८ गते नारासहित भन्ने नारासहित 'संकटमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता: प्रमुख दल किन मौन ?' भन्ने राष्ट्रिय प्रजातन्त्र पार्टी कार्यालयमा १ घण्टा धर्ना तथा २०८३ मंसिर २० गते कालो लुगा, कालो पट्टी र कालै माक्स लगाएर काठमाडौंको माइतीघर र काठमाडौं बाहिरको जिल्लाका सदरमुकामहरूमा प्रदर्शन गर्ने रहेका छन् ।

समाचार कक्षमै प्रहरी प्रवेश गरी पत्रकारमाथि गरिएको धरपकड, प्रेस स्वतन्त्रता नियन्त्रणको मनसाय राखी प्रेस काउन्सिल ऐनसम्बन्धी अध्यादेश जारी गर्ने प्रयास, सञ्चारमाध्यममा अनाधिकृत गाडी तेर्स्याउनेलाई हालसम्म कारबाही नगरिएको, गोरखापत्रलगायत सरकारी सञ्चारमाध्यम तथा निजी सञ्चारमाध्यमबाट पत्रकारलाई जबरजस्ती निष्कासनलगायत, श्रम अधिकारको उल्लंघन, लोककल्याणकारी विज्ञापन बापत पत्रपत्रिकाले प्राप्त गरिरहेको रकम प्रेस काउन्सिल नेपालको सिफारिसबमोजिम नगरेको तथा वर्तमान अवस्थामा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षणप्रति सरकारले अनुदार व्यवहार देखाएको विरोधमा नेपाल पत्रकार महासंघ आन्दोलनरत रहेको विज्ञप्तिमा उल्लेख छ ।

साथै विज्ञप्तिमा कुनै पनि दलले महासंघको मागप्रति लिखित रुपमा ऐक्यवद्धता जनाई प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति प्रतिबद्धता जनाए सो दलको कार्यालयमा धर्ना नदिने उल्लेख गर्दै विज्ञप्तिमा महासंघका माग सम्बोधन नगरिए तेस्रो चरणको आन्दोलनका कार्यक्रम गरिने जनाइएको छ ।

राष्ट्र बैंकद्वारा दुई खर्ब ५० अर्बभन्दा बढी निक्षेप लगानीका लागि प्रस्ताव आह्वान

काठमाडौं, १० मंसिर (रासस) ।

नेपाल राष्ट्र बैंकले आफ्नो विभिन्न कोषमा रहेको रु दुई खर्ब ५० अर्ब ७४ करोड ७० लाख बैंक तथा वित्तीय संस्थामा मुद्दती निक्षेपका रूपमा राख्ने भएको छ ।

बैंकको वित्त व्यवस्थापन विभागले बिहीबार सूचना जारी गर्दै वाणिज्य बैंक, राष्ट्रियस्तरका विकास बैंक र राष्ट्रियस्तरका वित्त कम्पनीलाई उक्त रकममा लगानीका लागि ब्याजदर प्रस्ताव पेस गर्न आह्वान गरेको हो ।

कुल लगानीयोग्य रकममध्ये वाणिज्य बैंकका लागि रु दुई खर्ब पाँच अर्ब ९८ करोड, विकास बैंकका लागि रु ३७ अर्ब ६१ करोड २० लाख र वित्त कम्पनीका लागि रु १२ अर्ब ५३ करोड ७० लाख छुटचाइएको छ ।

बैंकले आगामी डिसेम्बर ७, २०२६ देखि डिसेम्बर ७, २०२७ सम्म ३६६ दिनका लागि उक्त रकम मुद्दती निक्षेपमा राख्न लागेको हो । इच्छुक बैंक तथा वित्तीय संस्थाले आफूले लिन चाहेको रकम र प्रस्तावित ब्याजदर उल्लेख गरी मङ्सिर ११ गते राति १२:०० बजेसम्म नेपाल राष्ट्र बैंकको वित्त व्यवस्थापन विभागको इमेलमा प्रस्ताव पठाउनुपर्नेछ । प्रस्ताव पासवर्ड सुरक्षित गरिएको पिडिएफ फाइलमा पठाउनुपर्नेछ । उक्त फाइलको पासवर्ड भने मङ्सिर १४ गते राति १२:०० बजेसम्म पठाउनुपर्ने सूचनामा उल्लेख छ ।

प्रस्ताव पेस गर्न इच्छुक संस्थाले कम्तीमा दुई वर्षदेखि सञ्चालनमा रहेको, तोकिएको न्यूनतम पुँजीकोष अनुपात कायम गरेको, निष्क्रिय कर्जा अनुपात आठ प्रतिशत र खुद निष्क्रिय कर्जा अनुपात तीन प्रतिशत ननाघेको तथा पछिल्लो आर्थिक वर्षमा खुद मुनाफा गरेको हुनुपर्नेछ ।

त्यस्तै, संस्थाले तोकिएको तरल सम्पत्ति तथा कर्जा निक्षेप अनुपात कायम गरेको, शीघ्र सुधारात्मक कारबाहीमा परेको भए त्यस्तो कारबाही फुकुवा भएको कम्तीमा छ महिना पूरा गरेको र समस्याग्रस्त घोषणा नभएको हुनुपर्नेछ ।

सर्वसाधारणका लागि छुटचाइएको शेयर जारी गरिसकेको संस्था मात्र प्रस्ताव पेस गर्न योग्य हुनेछन् ।

एउटै संस्थाबाट फरक रकम र ब्याजदर उल्लेख गरी एकभन्दा बढी प्रस्ताव पेस गरेमा त्यस्ता सबै प्रस्ताव रद्द हुने राष्ट्र बैंकले जनाएको छ । प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने अधिकार बैंकमा रहने सूचनामा उल्लेख छ ।

निर्वाचन आयोगद्वारा कांग्रेसको नयाँ कार्यसमिति र विधान अद्यावधिक

ललितपुर, १० मंसिर (रासस) ।

निर्वाचन आयोगले नेपाली कांग्रेसको १५औँ महाधिवेशनबाट निर्वाचित नयाँ कार्यसमिति र संशोधित विधानको विवरण आफ्नो अभिलेखमा अद्यावधिक गरेको छ ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले विवरण अद्यावधिक गरिएको जानकारीसहितको पत्र पार्टीलाई पठाइएको बताउनुभयो । गत असोज १८ देखि २३ गतेसम्म काठमाडौंमा सम्पन्न महाधिवेशनबाट सभापतिमा गगनकुमार थापा, वरिष्ठ उपसभापतिमा विश्वप्रकाश शर्मा, उपसभापतिमा चन्द्रकान्त भण्डारी, मधु आचार्य, विनोदकुमार चौधरी, महामन्त्रीमा प्रदीप पौडेल, डिला पन्त सङ्गौला र उदयशमशेर राणा निर्वाचित हुनुभएको थियो ।

पार्टीका महामन्त्री प्रदीप पौडेलले निर्वाचित पदाधिकारी तथा सदस्यहरूको विवरण, संशोधित विधान, राजनीतिक दस्तावेज र महाधिवेशनका निर्णय अद्यावधिक गर्न कात्तिक १६ गते आयोगमा निवेदन दिनुभएको थियो ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि प्रशासन कार्यालय राजविराज
सप्तरी

मिति :-२०८३/०८/०४

विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. ९१ नेम चन्द महेश्वरी मारवारीको नाममा कायम रहेका साविक प्रगन्ना पकरीया मौजे चान बेल्ही सा.कि.नं. ६४९ को ज.वि. ०-१२-१२ र ऐ.ऐ. रैती नं.९ ज्यमीदार हरिनारायणको नाममा कायम रहेको सा.कि.नं.३७२ ज.वि.१-१-१२, सा.कि.नं.८८९ ज.वि.०-३-३ र सा.कि.नं.७४२ ज.वि.०-१-१५ जग्गा जग्गा २०२८ सालमा तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सिरहा लहान न.पा. वार्ड नं.७ बस्ने हजारी मल शारदाको नाती नेम चन्द शारदा महेश्वरीको छोरा हरि किसन शारदा-१, सुरेन्द्र नारायण शारदा-१ र राजाराम शारदा-१ समेत ३ को यस कार्यालयमा द.नं. १५९८५ मिति २०८२/१०/०८ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८३/०८/०४ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, गोचर, समसानघाट, पैनी, पौवा, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारबाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

साविक कि.नं.	साविक दर्ताबाला	गा.वि.स.	वार्ड नं.	हालको कि.नं.	क्षेत्रफल	हालको दर्ताबाला	कैफियत
६४९	नेमचन्द महेश्वरी	मलहनिया	७ख	२०१/८८३	०-१३-१२	हरि किसन शारदा, सुरेन्द्र नारायण शारदा र राजाराम शारदा	कि.नं.२०१ को फिल्डबुक खाली, कि.नं. ३६, ३८ र ११८ को फिल्डबुकको ज.ध. महलमा नेमचन्द महेश्वरी कि.नं.३८ को किसानको महलमा मोती लाल चौधरी, कि.नं.११८ को किसानको महलमा गया प्रसाद साह जनिएको।
३७२	हरी		७ख	३६/१०४८	०-१०-३		
८८९	नारायण		७ख	३८	०-३-२		
७४२			७क	११८	०-९-००		

IMPACT Nepal

आवश्यकता

अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था **इम्प्याक्ट नेपाल**का लागि करार सेवामा तपसिल बमोजिमका पदहरु पूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति **२०८३ मंसिर १६ गते सम्ममा** आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ ।

पद	काम गर्ने स्थान	संख्या	न्यूनतम योग्यता
प्राथमिक कान उपचार कार्यकर्ता	बारा/पर्सा/सप्तरी	५	CMA/HA

द्रष्टव्य:

१. दरखास्त बुझाउनु पर्ने स्थानः इम्प्याक्ट नेपाल रुँगटा वेलफेयर कान उपचार केन्द्र गण्डक बहुअरी वीरगंज (०५१-४११०५४) वा इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र घुसुकपुर, कलैया (९८४५६००६००) वा इम्प्याक्ट नेपाल कान उपचार केन्द्र गौर (०५५-५२०७७३) वा इम्प्याक्ट नेपाल ठाकोदेवी जोगेन्द्र भगत कान उपचार केन्द्र मलेठ, राजविराज (०३१-५९०००५) वा ईमेलः vacancy.impactnepal@gmail.com मार्फत् पनि पठाउन सकिने छ ।
२. दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसापत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु पेश गर्नु पर्नेछ ।
३. अनुभवी र स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।
४. तलव भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ ।

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*